नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
(आपूर्ति अनुगमन तथा उपभोक्ता संरक्षण शाखा)

फोन नं. : ५३४७९१२
५३४३९३९

बबरमहल
काठमाडौं, नेपाल।

पत्र संख्याः २०८३/०८४
च.नं. :

# प्रेस विज्ञप्ति

विगत २०८३/०५/१० मा भोटेकोशी नदीमा आएको बाढी पहिरो तथा सोबाट पृथ्वी राजमार्गको कृष्णभीर खण्डमा पहिरो गई बाटो अवरुद्ध भएको र भारतले चिनी निकासी प्रतिबन्ध लगाएको समेतका कारणबाट चाडपर्वमा बढी खपत हुने अत्यावश्यक खाद्य वस्तु चिनीको अभाव भएको भन्ने विषय विभिन्न संचार माध्यमवाट प्रकाशन भएका छन्। यसै सन्दर्भमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा मिति २०८३/०५/३० मा सरोकारवालाहरुसँग बसेको बैठकबाट भाटभटेनी, विगमार्ट, सेल्सबेरी समेतका काठमाडौं उपत्यकाका एक हजार भन्दा बढी बिक्री केन्द्रहरुबाट प्रति केजी रु.११०।- मा चिनी सर्वसुलभ रुपमा बिक्री वितरण भईरहेको व्यहोरा सवै उपभोक्ताहरुमा जानकारी गराईन्छ। साथै चिनीको सहज एवं पर्याप्त आपूर्ति भईरहेको हुँदा आम उपभोक्तालाई अधिक सञ्चय नगर्नु हुन समेत विभाग अनुरोध गर्दछ।

मितिः २०८३।०५।३१
ने.सं. ११४६

प्रवक्ता
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग